**अध्याय ५**

# प्रशिक्षक

तालिमको प्रभावकारिता मुख्यत: प्रशिक्षकमा भर पर्दछ । यसपछि मात्र तालिमको पाठ्यक्रम वा अन्य भौतिक पूर्वाधार आउँछन् । नेपालमा मिडियासम्बन्धी तालिम दिने संस्थाको संख्या धेरै भए पनि दक्ष प्रशिक्षकको संख्या भने एकदमै न्यून छ । मिडियासम्बन्धी तालिम दिने संस्थाले भोग्नुपर्ने मुख्य चुनौती दक्ष प्रशिक्षकको अभाव नै हो । धेरैजसो तालिममा उही अनुहारहरू प्रशिक्षकका रूपमा देखा पर्नुको कारण पनि यही नै हो । दक्ष प्रशिक्षकको कमीका कारण अदक्ष वा अर्धदक्ष व्यक्ति पनि स्रोतव्यक्तिका रूपमा प्रयोग भइरहेका छन् । प्रशिक्षणसम्बन्धी तालिम, आमसञ्चार विषयमा उच्च शिक्षा वा पत्रकारिताको लामो अनुभवमध्ये केही पनि हासिल नगरेका व्यक्तिसमेत तालिममा प्रशिक्षक बनेको पाइन्छ ।

औंलामा गन्न सकिने केही थोरै संस्थाबाहेक धेरै संस्थाले प्रशिक्षकका लागि आवश्यक योग्यतासहितको कुनै मापदण्ड निर्धारण गरेका छैनन् । एनपीआईको मापदण्डअनुसार क्याम्पसमा आमसञ्चार विषय पढाइरहेको वा जुनसुकै विषयमा कम्तीमा स्नातक गरेर मिडियासम्बन्धी प्रशिक्षक प्रशिक्षण तालिम (टिओटी) लिएको व्यक्ति प्रशिक्षक हुन योग्य हुन्छ । पत्रकारिताको अनुभव भएका व्यक्तिले भने आमसञ्चार वा अन्य कुनै विषयमा टिओटी लिएको भए पनि हुन्छ,

पत्रकारिताकै टिओटी जरुरी छैन । एनपीआईको तालिममा प्रशिक्षार्थीहरूलाई आफ्नो अनुभव बाँड्न अतिथि प्रशिक्षक (गेस्ट लेक्चरर) का रूपमा अनुभवी व्यक्तिलाई पनि बोलाउने चलन छ । तर ऊ सम्बन्धित विषयमा सक्रिय रूपले काम गरिरहेको अनुभवी भने हुनुपर्छ, टिओटी लिएकै हुनुपर्छ भन्ने छैन । त्यस्ता स्रोतव्यक्तिलाई उनीहरूको अनुभवबारे एक दुई घण्टाको प्रस्तुति दिन लगाइन्छ ।[१] प्रशिक्षक नियुक्त गर्दा अपनाइने यो मापदण्ड काठमाडौंमा रहेको केन्द्रीय कार्यालयलगायत तीनओटै क्षेत्रीय सञ्चार स्रोत केन्द्रहरूमा पनि लागु हुन्छ ।

मिडिया प्वाइन्टले निर्धारण गरेको प्रशिक्षकको मापदण्डमा पनि स्नातक पास गरी पत्रकारितामा दक्षता हासिल गरेको हुनुपर्ने भन्ने छ । यसले सकेसम्म टिओटी प्राप्तलाई, यदि यो सम्भव नभए क्याम्पसमा लामो समयदेखि आमसञ्चार विषय अध्यापन गरिरहेका व्यक्तिलाई प्रशिक्षक बनाउँछ । सम्बन्धित विषयमा लामो समयदेखि कलम चलाइरहेकालाई यसले पनि अतिथिका रूपमा स्रोतव्यक्ति बनाउँछ । अन्य संस्थाहरूमा प्रशिक्षकका लागि आवश्यक योग्यता यही नै हुनुपर्छ भनी मापदण्ड निर्धारण गरिएको पाइँदैन । आर्थिक स्रोतको अवस्था, प्रशिक्षकको समय र चिनजानका आधारमा प्रशिक्षक नियुक्त गरिन्छ ।

तालिम दिने संस्थाहरू धेरै भएकाले तालिमका गतिविधिहरू पनि धेरै नै हुने गरेका छन् । तर, प्रशिक्षकको अभाव भएको महसुस सबैलाई छ । आधारभूत पत्रकारिता र छापामाध्यमका विभिन्न विषयहरूका जति प्रशिक्षक उपलब्ध हुन्छन्; रेडियो, टेलिभिजन, अनलाइनजस्ता माध्यम तथा एड्भान्स्ड स्तरका विषयगत रिपोर्टिङ, खोज पत्रकारिता, प्राविधिक पक्ष आदिबारे तालिम दिने प्रशिक्षक त्यति छैनन् ।

यस अध्यायमा मिडिया तालिमका लागि प्रशिक्षक वा स्रोतव्यक्तिहरू कसरी उपलब्ध भइरहेका छन्, तिनले के-कति आवश्यकता पूरा गर्न सकेका छन्, प्रशिक्षकको छनोट कसरी हुने गरेको छ र काठमाडौंबाहिरको अवस्था कस्तो छ भन्ने विषयबारे चर्चा गरिएको छ । यो अध्याय दुई खण्डमा विभाजित छ भने अन्त्यमा निष्कर्ष प्रस्तुत गरिएको छ । पहिलो खण्डले प्रशिक्षक तयार गर्नका लागि प्रमुख उपायका रूपमा रहेको प्रशिक्षक प्रशिक्षण तालिम (टिओटी) के कसरी भइरहेका छन् भन्नेबारे जानकारी दिन्छ । दोस्रो खण्डमा काठमाडौंबाहिर प्रशिक्षकको उपलब्धता कस्तो छ भन्ने प्रश्नको जवाफ खोजिएको छ ।

---

१ उदाहरणका लागि वातावरणीय रिपोर्टिङबारेको कक्षामा त्यही बिटमा लामो समय काम गरेका पत्रकार वा वातावरणविज्ञलाई बोलाइन्छ ।

## प्रशिक्षक प्रशिक्षण तालिम (टिओटी)

एउटा दक्ष प्रशिक्षक बन्नका लागि सम्बन्धित विषयमा अभ्यास गरेको अनुभव भएर मात्र पनि हुँदैन, न त शिक्षण वा प्रशिक्षणसम्बन्धी ज्ञान मात्र पर्याप्त हुन सक्छ। सम्बन्धित विषयमा लामो अभ्यास गरिरहेका व्यक्तिले प्रशिक्षणबारे तालिम पाउन सके ऊ एउटा दक्ष प्रशिक्षक बन्न सक्छ। कतिपय संस्थाले प्रशिक्षक तयार गर्नका लागि कहिलेकाहीं प्रशिक्षक प्रशिक्षण तालिम सञ्चालन नगरेका होइनन्, तर त्यस्ता तालिम ज्यादै कम भएका छन्। यसले मिडियासम्बन्धी तालिमका सन्दर्भमा देखापरेको दक्ष प्रशिक्षकको मागलाई सम्बोधन गर्न सकेको छैन। मिडियासम्बन्धी टिओटी सञ्चालन गर्ने कुनै त्यस्तो संस्था पनि छैन। लामो समयदेखि व्यावसायिक रूपमा तालिम दिंदै आएको एनपीआईले आधारभूत तथा एड्भान्स्ड पत्रकारितासम्बन्धी टिओटी कहिलेकाहीं मात्र दिन्छ। एनपीआईसँग केन्द्रमा २६ जना तथा क्षेत्रीय स्तरमा १५ जना गरी जम्मा ४१ जना प्रशिक्षक छन्। तिनलाई नै लक्षित गरेर यसले आधारभूत तथा एड्भान्स्ड पत्रकारिताको दुईओटा टिओटी सञ्चालन गरेको थियो। सन् २००१ मा डेनमार्कस्थित बाल्टिक मिडिया सेन्टरसँग मिलेर देशका विभिन्न स्थानमा सक्रिय १५ जना पत्रकारहरूलाई टिओटी प्रदान गऱ्यो। प्रशिक्षार्थीको छनोट एनपीआईका दुईओटा क्षेत्रीय सञ्चार स्रोत केन्द्रले पनि गरेका थिए। तालिम दुई हप्ताको थियो।[२]

पहिलो टिओटी दिएको दुई वर्षपछि एनपीआईले सन् २००३ मा अर्को टिओटी सुरु गऱ्यो। त्यसमा पहिलेको टिओटीमा संलग्न भएकाहरू पनि केही परे भने धेरैजना नयाँ अनुहारहरू थिए। कम्तीमा स्नातक तह उत्तीर्ण गरी पत्रकारितामा लामो समय काम गरेकालाई यो तालिम दिइएको थियो। यसपटक टिओटीका लागि एनपीआईलाई डेनिस स्कुल अफ जर्नालिज्म (डिएसजे) को प्राविधिक सहयोग प्राप्त भएको थियो। यो टिओटी डिएसजेकै पाठ्यक्रमअनुसार अढाई वर्षसम्म सञ्चालन भएको थियो। यसमा प्रोएक्टिभ न्यूज रिपोर्टिङ, समाचार अन्तर्वार्ता, फिचर लेखन, रेडियो कार्यक्रम उत्पादन, अनलाइन पत्रकारिता आदि विषयहरू समाविष्ट थिए। तालिममा सहभागी केही व्यक्तिहरूका अनुसार प्रशिक्षणको तरिका नौलो र प्रभावकारी थियो। एउटा चरणको टिओटी कार्यक्रम समाप्त भएपछि एनपीआईले देशका विभिन्न स्थानमा त्यही विषय (जस्तैः समाचार, अन्तर्वार्ता) मा तालिम आयोजना गर्दथ्यो। ती तालिमहरूमा टिओटीका प्रशिक्षार्थी

---

[२] एनपीआईका हस्त गुरुङसँग २०६६ असोज २३ मा र चिरञ्जीवी खनालसँग २०६६ पुस १ मा गरिएको कुराकानी।

गएर इन्टर्नसिपका रूपमा पढाउँथे । आफूले गरेको कामबारेमा त्यसको रिपोर्ट एनपीआई र डिएसजेका सम्बन्धित प्रशिक्षकलाई दिनुपर्दथ्यो । डिएसजेबाट फेरि अर्को चरणका लागि तालिम दिन सम्बन्धित विषयका अर्का प्रशिक्षक आउँथे । सम्बन्धित विषयमा दक्षता हासिल गरेका नेपाली विज्ञहरू (जस्तै फिचर लेखनका लागि मोहन मैनाली, हस्त गुरुङ) लाई पनि स्रोतव्यक्ति बनाइन्थ्यो । आवश्यकताअनुसार उनीहरूले दस दिन वा दुई हप्तासम्म एक ठाउँमा राखेर विभिन्न व्यावहारिक अभ्याससहित तालिम दिन्थे । एनपीआईले पत्रकारहरूका लागि विभिन्न स्थानमा सञ्चालन गरेको सोही विषयको तालिम दिन प्रशिक्षार्थीहरू जानुपर्दथ्यो र उही प्रक्रिया हरेक चरणमा दोहोरिन्थ्यो । सहभागीहरूलाई तालिमको पाठचक्रम पनि निर्माण गर्न सिकाइन्थ्यो र इन्टर्नसिपअन्तर्गत तालिम दिन जाँदा आफैंले पाठचक्रम बनाई लागु गरेर देखाउनुपर्दथ्यो ।[३]

यो तालिमको हरेक चरणमा सहभागी भएर तालिम पूरा गरेका नेपालगञ्जका हेमन्त कर्माचार्य भन्छन्, “यो तालिम लिएपछि हाम्रो काम गर्ने तरिकामा निकै अन्तर आयो । पहिला तालिम दिने भनेपछि हामी कक्षामा गएर प्रवचन दिने भन्ने सोच्थ्यौं, जुन प्रशिक्षार्थी र आफ्ना लागि समेत निरस हुन्थ्यो । तालिमपछि प्रशिक्षार्थीहरूलाई पनि एकदम क्रियाशील बनाउन थालियो ।”[४] यद्यपि यो तालिमका कतिपय पक्षहरू कमजोर देखिएको यसलाई नजिकबाट नियाल्ने वा केही समय सहभागी भएका व्यक्तिहरू बताउँछन् । टिओटी दिने नाउँमा जो आफैं समाचार लेख्न वा रिपोर्टिङ गर्न जान्दैन; उसैलाई यस्तो तालिम दिइयो भने त्यो खेर जान्छ । यस टिओटीमा रिपोर्ट लेख्न नसक्ने व्यक्तिसमेत छानिएको पत्रकार राजेन्द्र दाहालको भनाइ छ । खोज पत्रकारिताको अभ्यास र प्रशिक्षणमा लामो समय खर्चेका दाहाल उक्त तालिम स्तरीय भएका कारण लिन इच्छुक हुँदाहुँदै पनि समय नमिलेको बताउँछन् ।[५] छनोट गरिएका सबै व्यक्तिले तालिम पूरा गर्न नसक्नुले पनि व्यवस्थापनमा या कहीं कतै कमजोरी रहेको पुष्टि हुन्छ ।

---

[३] यो टिओटीबारे जान्नका लागि एनपीआईका हस्त गुरुङ र चिरञ्जीवी खनालका अतिरिक्त यस तालिममा अन्तिम समयसम्म संलग्न सहभागीहरू धनगढीका उमिद बागचन्दसँग २०६६ भदौ ३१, काठमाडौंकी मण्टेश्वरी राजभण्डारीसँग २०६६ असोज २९, धर्मेन्द्र झासँग २०६६ असोज २८, भरत भूसालसँग २०६६ भदौ ११, धरानका किशोर कार्कीसँग २०६६ असोज २४, विराटनगरका यज्ञ शर्मासँग २०६६ असोज २६, विजय मिश्रसँग २०६६ असोज ३० मा कुराकानी गरिएको थियो ।

[४] कर्माचार्यसँग २०६६ भदौ २१ मा गरिएको कुराकानी । कुराकानी गरिएका अन्य सहभागीले पनि उक्त तालिम आफ्नो लागि निकै उपलब्धिमूलक भएको बताएका थिए ।

[५] दाहालसँग २०६६ असोज ७ मा गरिएको कुराकानी ।

सुरुको चरणमा काठमाडौंलगायत देशका विभिन्न स्थानबाट २४ जना प्रशिक्षार्थी छनोट गरिएकोमा जम्मा १४ जनाले मात्र पूरा गरेका थिए । हरेक गतिविधिमा सक्रियतापूर्वक लाग्नुपर्ने प्रावधान राखिएको थियो तसर्थ निष्क्रिय रहने र दिइएको काम पूरा गर्न नसक्नेलाई विभिन्न चरणमा हटाउँदै लगिएको पनि थियो ।

एनपीआईले यी दुई टिओटीबाहेक विषयगत तालिमको टिओटी पनि दिएको थियो । फिलिपिन्सस्थित सेन्टर फर इन्भेस्टिगेटिभ जर्नालिज्मसँग मिलेर सन् २००२ मा खोज पत्रकारिताबारे र क्यानेडियन मिडिया एन्ड डेमोक्रेसी ग्रुपसँग मिलेर सन् २००९ मा संसदीय रिपोर्टिङबारे यसले टिओटी दिएको थियो । यी दुवै टिओटी दुई हप्ताका थिए । मुख्य प्रशिक्षकहरू सम्बन्धित संस्थाबाटै आएका थिए । स्रोतव्यक्तिका रूपमा नेपाली पत्रकारहरूलाई बोलाइएको थियो । विषयगत टिओटी चाहिं त्यही विषयमा लामो समयदेखि काम गरिरहेका पत्रकारहरूलाई दिइएको थियो ।[६]

एनपीआईबाहेक अन्य संस्थाहरूले पनि मिडियासम्बन्धी टिओटी सञ्चालन गरेका छन् । मिडिया प्वाइन्टले आधारभूत पत्रकारिताबारेको तालिम दिन थालेको १३ वर्षभन्दा बढी भइसक्दा पनि जम्मा एउटा मात्र टिओटी सञ्चालन गरेको छ । २०६४ मङ्सिरमा मिडिया प्वाइन्टले १५ दिनको टिओटी दिएको थियो । यो टिओटी लिनका लागि स्नातक तह उत्तीर्ण र पत्रकारिताको कम्तीमा १० महिने तालिम लिएको हुनुपर्ने प्रावधान थियो । पत्रकारितासम्बन्धी शिक्षण वा अभ्यासमा संलग्नलाई ग्राह्यता दिने भनिएको थियो । विज्ञापन गरेर तालिमका लागि दरखास्त आह्वान गरिएको यस तालिमका लागि २७ जनाको आवेदन परेको थियो भने तोकिएको योग्यताका आधारमा १२ जनालाई छानियो । प्रति व्यक्ति चार हजार शुल्क लिइएको यस तालिममा ११ जना काठमाडौंका थिए भने एकजना सिन्धुपाल्चोकका पत्रकार थिए । टिओटी प्रशिक्षकका रूपमा रामकृष्ण रेग्मी, श्रीरामसिंह बस्नेत र क्याम्पसमा पत्रकारिता अध्यापनरत अन्य व्यक्ति थिए । प्रयोगात्मक सिकाइका लागि टिओटीका ती प्रशिक्षार्थीहरूलाई बाहिर इन्टर्नसिपको व्यवस्था थिएन; उनीहरूलाई निश्चित विषय दिएर कक्षामै आफ्नो सीप प्रस्तुत गर्न लगाइएको थियो । तालिम अवधिभर तीनपटक यसो गर्न लगाइएको थियो । साथै, उनीहरूले आधारभूत तालिमको कार्यक्रम डिजाइन गर्नुपरेको थियो । मिडिया प्वाइन्टका कार्यकारी निर्देशक श्रीरामसिंह बस्नेतका

---

[६] एनपीआईका हस्त गुरुङसँग २०६६ असोज २३ मा र चिरञ्जीवी खनालसँग २०६६ पुस १ मा गरिएको कुराकानी ।

अनुसार आधारभूत तालिम चलाउनका लागि यो स्तरको टिओटी पर्याप्त थियो । चार महिने आधारभूत तालिमको एउटा समूहमा नियमित र अतिथिसहित सालाखाला ३० जना प्रशिक्षकलाई संलग्न गराउने मिडिया प्वाइन्टले प्रशिक्षकको अभाव खेप्दै आएको अवस्थामा यस तालिमले केही राहत दिएको बस्नेतको भनाइ छ । अघिल्लो व्याचमा मात्र ती १२ मध्ये चारजनालाई प्रयोग गरिएको थियो । अझैं पनि प्रशिक्षकको संख्या ज्यादै न्यून भएका कारण एनपीआईको आधारभूत तालिममा जो-जो प्रशिक्षक छन्, त्यहाँ पनि तिनै हुने गरेका छन् ।[७]

रेडियोसम्बन्धी तालिम दिने गरेको संस्था नेफेजअन्तर्गतको सामुदायिक रेडियो सहयोग केन्द्र (सारेसके) ले एउटा टिओटी दिएको छ । देशका विभिन्न ठाउँबाट १२ जना सहभागी छनोट गरेर सन् २००७ मा पाँच दिनको र २००८ मा तिनैलाई दुई दिनको फलोअप टिओटी दिइएको हो । टिओटीका प्रशिक्षकका रूपमा सारेसकेले पी खरेल, विद्यानाथ कोइराला आदिलाई प्रयोग गरेको थियो । केन्द्रमा पहिलेदेखि तीनजना (रघु मैनाली, भरत भूसाल र प्रतीक भण्डारी) प्रशिक्षक थिए । तीनै जना मिडिया, द्वन्द्वजस्ता कुनै न कुनै विषयमा टिओटी प्राप्त व्यक्ति हुन् । हरेकपटक केन्द्रका व्यक्तिहरू विभिन्न स्थानमा गएर तालिम दिन गाह्रो हुनु स्वाभाविकै हो । ती स्थानका पत्रकारलाई नै टिओटी दिइँदा सजिलो हुने विश्लेषण गरेर तालिम आयोजना गरिएको थियो । यस तालिमपछि संयोजन गर्न केन्द्रबाट एकजना मात्र गए पनि पुग्ने भएकाले सजिलो भएको बताइन्छ । यद्यपि यी सबै प्रशिक्षकहरूलाई रेडियो पत्रकारिता र कार्यक्रम उत्पादनबारे आधारभूत प्रशिक्षण मात्र दिइएको छ । रेडियो उत्पादनसम्बन्धी एड्भान्स्ड तालिम र प्राविधिक तथा रेडियो व्यवस्थापनसम्बन्धी आधारभूत तालिमकै लागि भने दक्ष प्रशिक्षकको अभाव छ ।[८]

पत्रकारितामै काम गर्ने अन्यले संस्थागत रूपमा यसरी टिओटी सञ्चालन गरेको पाइँदैन । बरु आफ्नै पहलमा देश र विदेशका विभिन्न ठाउँमा गएर टिओटी लिएका केही व्यक्तिहरू प्रशिक्षक भएका छन् र कुनै संस्थाले तालिम आयोजना गर्दा तिनलाई प्रयोग गर्दछन् । सरकारी सञ्चारमाध्यममा पनि टिओटी लिनका लागि देशबाहिरबाट प्रस्ताव आउँदा कार्यरत व्यक्तिहरूलाई पठाइन्छ, जसले फर्केर आएपछि आन्तरिक रूपले दिइने तालिममा प्रशिक्षण दिन्छन् ।

---

७ श्रीरामसिंह बस्नेतसँग २०६६ असोज २६ मा गरिएको कुराकानी ।

८ सारेसकेका रघु मैनालीसँग २०६६ असोज २० तथा भरत भूसालसँग २०६६ भदौ ११ मा गरिएको कुराकानी ।

उदाहरणका लागि, नेपाल टेलिभिजनमा कार्यरत दीपा गौतमले २०५२ सालमा नेदरल्याण्डबाट टेलिभिजन कार्यक्रम उत्पादनसम्बन्धी विभिन्न पक्षबारे टिओटी लिएकी थिइन् । त्यस यता उनले नेपाल टेलिभिजनले बेलाबखत सञ्चालन गर्ने कार्यक्रम निर्माण, निर्देशन, स्क्रिप्टिङ, अनुसन्धान आदिसम्बन्धी आधारभूत तथा एड्भान्स्ड तालिममा प्रशिक्षण दिँदै आएकी छन् ।[९]

## काठमाडौंबाहिरको अवस्था

देश-विदेशमा हुने विभिन्न खालका प्रशिक्षक प्रशिक्षण तालिम (टिओटी) लिएकादेखि वर्षौं पत्रकारिता गरेका वा पत्रकारिताको शिक्षण-प्रशिक्षणमा संलग्न व्यक्तिहरू काठमाडौंमै धेरै छन् । यति हुँदाहुँदै पनि यहाँसमेत दक्ष प्रशिक्षकको अभाव छ । भएका प्रशिक्षकहरू पनि पूरा समय त्यसमा लाग्ने गरेका छैनन्, सबैका आ-आफ्ना अन्य कामहरू पनि छन् । त्यसैले थोरै व्यक्तिले धेरैतिर भ्याउनुपरेको छ । एनपीआई वा मिडिया प्वाइन्टमा तालिम प्रशिक्षकका रूपमा रहेका व्यक्तिहरू दुवैतिर उही मात्र छैनन्, धेरै वर्षदेखि प्रायः तिनै व्यक्तिहरू नै प्रशिक्षणमा संलग्न छन् । काठमाडौंमा नै यस्तो छ भने काठमाडौंबाहिर हुने तालिममा त झन् दक्ष प्रशिक्षकको अभाव नहुने कुरै भएन । त्यसैले पनि काठमाडौंबाहिर हुने धेरैजसो तालिमहरूमा काठमाडौंबाटै प्रशिक्षक निम्त्याउनुपर्ने नत्र भने पत्रकारिता क्षेत्रमा धेरथोर अनुभव सँगालेकै आधारमा स्थानीय प्रशिक्षक बनाइने चलन व्याप्त छ । यही स्थितिलाई आत्मसात् गरेर एनपीआईले विभिन्न समयमा दिएको टिओटी प्राप्त जनशक्ति विराटनगर, बुटवल, नेपालगञ्ज, धनगढी र महेन्द्रनगरमा ३-४ जना छन् तर यी पनि सीमित सहरहरूमा मात्र खुम्चिएका छन् । ती आफैं पनि पत्रकारितालगायत अन्य काममा संलग्न भएकाले सहरभन्दा बाहिर जान सजिलो छैन । त्यसैले पनि सीमित सहरहरूभन्दा बाहिर त प्रशिक्षकको एकदमै अभाव छ ।

प्रशिक्षकको सन्दर्भमा संख्याको मात्र कुरा छैन । टिओटीको प्रमाणपत्र हासिल गर्दैमा पनि ऊ दक्ष प्रशिक्षक बन्छ भन्ने छैन । उसले समयअनुसार नयाँनयाँ आयामसँग आफूलाई अभ्यस्त र अद्यावधिक गराउँदै जानुपर्छ । प्रशिक्षार्थीलाई बुझाउन सक्ने शिक्षण-सीप पनि ऊसँग हुन जरुरी छ । यस्तै सिकाउने व्यक्ति आफैं पनि अभ्यासमा संलग्न छ भने त्यो अझ राम्रो हुन्छ । यस अनुसन्धानका क्रममा कुराकानी गर्दा पनि टिओटी प्राप्त भनिएका कतिपय प्रशिक्षकहरूप्रति स्थानीय पत्रकारहरूले अविश्वास गरेको पाइयो । ती पत्रकारहरूको

---

[९] गौतमसँग २०६६ पुस दोस्रो हप्तामा गरिएको कुराकानी ।

भनाइमा हातमा टिओटीका प्रमाणपत्र बोकेर हिंड्ने कतिपय प्रशिक्षकहरू आफैं अद्यावधिक नभएकाले नयाँनयाँ सीप सिकाउन असमर्थ छन्। विशेष गरी काठमाडौंबाहिरको सन्दर्भमा स्थानीय पत्रकारहरूले टिओटी लिएका भए पनि स्थानीय क्षेत्रका प्रशिक्षकहरूमाथि त्यति विश्वास गरेको पाइँदैन। नाम बताउन नचाहने एक पत्रकार प्रश्न गर्छन्, "जसको एउटा फिचर पनि प्रकाशन भएको देख्न पाइएको छैन, त्यस्तो व्यक्ति फिचर कसरी लेख्ने भनेर सिकाउँदै हिंड्नुको के अर्थ छ र ?" नेपालगञ्जका पत्रकार भेषराज बस्नेत आफूलाई सहभागीका रूपमा बोलाइएका धेरै तालिमहरूमा भाग नलिनुको कारण बताउँदै भन्छन्, "आफ्नो जति ज्ञान र सीप पनि नभएका प्रशिक्षकहरू आएर भाषण दिइरहेका हुन्छन्। तालिममा गएपछि केही सिकिन्छ भन्ने विश्वास पनि त आफूमा हुनुपर्‍यो नि! त्यसैले बोलाइएका धेरैजसो तालिमहरूमा म जान्नँ।"[१०] बस्नेतको विचारमा काठमाडौंबाट बोलाइएका धेरै प्रशिक्षकहरू राम्रा हुन्छन्। किनकि उनीहरू नयाँनयाँ उदाहरण तथा विधिहरू प्रयोग गरेर प्रशिक्षार्थीलाई केही न केही थप सीप सिकाउन समर्थ छन्। सैद्धान्तिक ज्ञान र प्रवचनभन्दा प्रयोगात्मक शिक्षणको पद्धति अँगाल्छन्। उनीहरू धेरै गृहकार्य दिने, त्यसमाथि सुझाव दिने तथा कक्षामै पनि दैनिक रूपमा भित्तेपत्रिका निकाल्न लगाउने जस्ता प्रयोगात्मक विधि अपनाउँछन्। *अन्नपूर्ण पोष्ट* दैनिकका विराटनगर संवाददाता मनोज श्रेष्ठको अनुभवमा प्रशिक्षकहरू सम्बन्धित विषयमा अद्यावधिक नभई तालिममा आउने प्रचलन धेरै छ। पोखराको रेडियो अन्नपूर्णका स्टेसन म्यानेजर दीपेन्द्र श्रेष्ठको भनाइ पनि मनोज श्रेष्ठसँग मेल खान्छ।[११]

बाहिरको तुलनामा काठमाडौं बढी नै अवसर भएको क्षेत्र हो। यहाँका प्रशिक्षकहरू बढी दक्ष हुन्छन् भन्ने तर्क केही हदसम्म सही हुन सक्छ तर 'नजिकको तीर्थ हेला' भन्ने नेपाली उक्ति पनि उत्तिकै सान्दर्भिक देखिन्छ। काठमाडौंबाट आएकाले भाषण मात्र गरे पनि तालिम स्तरीय भएको ठान्ने मानसिकता यस सबालमा उत्तिकै जिम्मेवार छ। कृष्णसार एफएमका स्टेसन म्यानेजर तुला अधिकारी भन्छन्, "स्थानीय क्षेत्रमा राम्रो प्रशिक्षण दिन सक्ने व्यक्ति हुँदै नभएका होइनन् तर काठमाडौंबाट आएर सीप सिकाए पनि नसिकाए पनि दुई-चारओटा मीठा कुरा गर्ने व्यक्ति चाहिं स्तरीय प्रशिक्षक ठहरिन्छ।"[१२]

---

[१०] *हाम्रो समाचार* दैनिकका प्रबन्ध सम्पादक बस्नेतसँग २०६६ भदौ २३ मा गरिएको कुराकानी।

[११] मनोज श्रेष्ठसँग २०६६ असोज २१ मा तथा दीपेन्द्र श्रेष्ठसँग २०६६ कात्तिक ५ मा गरिएको कुराकानी।

[१२] अधिकारीसँग २०६६ भदौ २२ मा गरिएको कुराकानी।

काठमाडौंबाहिरका पत्रकारहरूले बारम्बार नाम लिने काठमाडौंका प्रशिक्षकहरू रामकृष्ण रेग्मी, मोहन मैनाली, राजेन्द्र दाहाल, हस्त गुरुङ, धर्मेन्द्र झा, शोभा गौतम, विनय कसजू, शरच्चन्द्र वस्ती, रघु मैनाली रहेछन्। यी व्यक्तिहरूले तालिमका क्रममा अपनाउने प्रयोगात्मक विधि, नयाँ र सान्दर्भिक उदाहरण, विषयवस्तुप्रतिको गहिराइ, प्रशिक्षार्थीलाई सक्रिय रूपमा सहभागी गराउने तरिका, विभिन्न प्रशिक्षण सामग्रीको प्रयोग, गृहकार्य वा एसाइन्मेन्ट दिने र त्यसमा सुझाव दिने तरिका आदि विशेषताका कारण उल्लिखित व्यक्तिहरू तुलनात्मक रूपले बढी रुचाइएको पाइयो।

एफएम रेडियोहरू र व्यक्तिगत लगानीमा खुलेका इन्स्टिच्युटहरूले दिने तालिमको स्थिति दयनीय छ। रेडियोमा केही समय काम गरेर आवाज अलि लोकप्रिय भएकै भरमा तिनै व्यक्तिलाई प्रशिक्षक बनाउने चलन व्याप्त छ। ऊसँग तालिम दिनका लागि आवश्यक शैक्षिक योग्यता, सीप र गुण छ वा छैन मूल्याङ्कन गर्ने चलन कम छ। यस्ता संस्थाहरूले प्रायः प्रशिक्षकको ग्लामरमा बढी जोड दिन्छन्। यस्ता व्यक्तिलाई प्रशिक्षकका रूपमा देखाएर तालिम दिने संस्थाले सहभागीबाट महँगो शुल्क असुल्छन्। जसले सस्तो शुल्कमा प्रशिक्षण दिन्छन्; तिनले आफ्नै संस्थामा केही समय काम गरेर सिक्दै गरेकालाई समेत तालिमको प्रशिक्षक बनाएको पाइन्छ। नयाँ खुलेका एफएम रेडियो स्टेसनले तालिम दिई आफूलाई चाहिएको जनशक्ति छान्छन्। यसका लागि काठमाडौंमा नाम चलेका उद्घोषक देखाएर प्रशिक्षार्थी बटुल्ने गरिन्छ। यस्तो प्रवृत्ति पहिलापहिला एफएम रेडियो स्थापनाको लहर चल्दा काठमाडौं उपत्यकामै व्याप्त थियो। अनि रेडियो उद्घोषणसम्बन्धी तालिम दिन खुलेका संस्थाहरूले नाम चलेका केही उद्घोषकहरूको नाम राखेर तालिममा प्रशिक्षकका रूपमा प्रचार गरी सहभागी बटुल्थे। यथार्थमा कतिपय ठाउँमा नाम लिइएका ती व्यक्तिलाई उपस्थित नै गराइँदैनथ्यो। देखाइ नै हालियो भने पनि केही घण्टाका लागि अतिथि बनाएर ल्याइन्थ्यो। रेडियोसम्बन्धी तालिम दिने व्यावसायिक प्रशिक्षकको कमीले पनि यो अवस्था आएको छ।

काठमाडौंबाहिरको अवस्थालाई हेर्ने हो भने पनि प्रशिक्षकको अभाव छ। कहिलेकाहीं प्रशिक्षक उपलब्ध भइहाले भने पनि 'काठमाडौंबाट आएका प्रशिक्षक'को मनोवैज्ञानिक प्रभाव गहिरोसँग गाडिएको छ, चाहे त्यो स्थानीय पत्रकारको दिमागमा होस् वा तालिम आयोजकको दिमागमै। यही आधारमा धेरै संस्थाहरूले काठमाडौंबाट आएका प्रशिक्षकलाई दिइने पारिश्रमिक स्थानीयलाई दिइनेभन्दा ५ देखि १० गुणासम्म बढी हुन्छ। काठमाडौंबाट आएकालाई भाडा र बसोबासको व्यवस्था त हुने नै भयो। ती संस्थाहरूले पनि आफूसँग बजेट भएसम्म काठमाडौंबाट

प्रशिक्षक झिकाउँछन् । त्यसो नभए काठमाडौंबाट जिल्लामा कुनै काम विशेषले गएका व्यक्तिहरूलाई मौका छोपेर प्रशिक्षक बनाउँछन् र त्यो पनि नपाए मात्र स्थानीयलाई प्रयोग गर्छन् । नेपालगञ्जका बीबीसी संवाददाता नेत्र केसीलाई एनपीआई क्षेत्रीय सञ्चार स्रोत केन्द्र नेपालगञ्जले दुई-तीन वर्षदेखि तीन महिने तालिमका लागि रेडियोको कक्षा चलाउन दिएको छ । साथै, स्थानीय क्षेत्रमा हुने रेडियोसम्बन्धी छोटा अवधिका प्रशिक्षणका लागि पनि उनी बारम्बार बोलाइन्छन् । केसी भन्छन्, "स्रोत केन्द्रले आर्थिक स्रोत प्रशस्त भएको बेलामा काठमाडौंबाटै रेडियोका प्रशिक्षक झिकाउँथ्यो । अहिले नभएको बेलामा चाहिं हामीलाई बोलाएको छ ।"[१३] नेपालगञ्जस्थित महिला सञ्चार समूहकी अध्यक्ष अछरी पोखरेल पनि आफ्नो संस्थाले दाता वा सहभागीहरूबाट उठाइएको आर्थिक स्रोतलाई हेरेर प्रशिक्षक कहाँको वा कुन तहको बोलाउने भन्ने निर्धारण हुने बताउँछिन् । पोखरेल भन्छिन्, "आर्थिक स्रोत अलि भएको बेलामा हामी काठमाडौंबाट प्रशिक्षक बोलाउँछौं । भाडा, बस्ने र खाने सुविधासहित बोलाउँदा धेरै महँगो पर्ने भएकाले सकेसम्म त काठमाडौंबाट अर्के कामका सिलसिलामा कोही आएको मौका पर्‍यो भने उहाँहरूलाई हामी बोलाउँछौं । पुग्ने स्रोत पनि जुटेन र त्यस्तो मौका पनि परेन भने स्थानीय प्रशिक्षकबाटै काम चलाउँछौं ।"[१४]

## निष्कर्ष

तालिम दिन खुलेका संस्थाहरू वा मिडियाका क्षेत्रमा काम गर्न खुलेका संस्थाहरूले तालिम सञ्चालन गर्न होडबाजी त गरिरहेका छन् । तर, दक्ष प्रशिक्षक प्रयोग गर्नेतर्फ भने उनीहरूको ध्यान जान सकेको छैन । धेरैभन्दा धेरै प्रशिक्षार्थी बटुल्न सस्तोमा तालिम सञ्चालन गर्ने प्रवृत्तिले गर्दा पनि दक्ष प्रशिक्षकहरूले भन्दा सिकारुले ठाउँ पाएका छन् । पर्याप्त टिओटी र लामो अनुभव हासिल गरेका प्रशिक्षकहरू पनि अन्य विभिन्न पेसा वा व्यवसायतिर छरिएका छन्, किनभने त्यो स्तरको क्षमता बनाइसकेका व्यक्तिहरूलाई अवसर पनि त्यतिकै धेरै छन् । प्रशिक्षकका रूपमा दिइने पारिश्रमिक र सुविधाले उनीहरूलाई सधैंभरि आकर्षित गरिरहन सक्दैन । त्यसले गर्दा प्रशिक्षणतर्फ थोरै समय दिने र त्यो पनि ठूला सहरमा मात्र केन्द्रित हुने हुँदा धेरै ठाउँमा प्रशिक्षक नै उपलब्ध हुन सक्दैनन् ।

---

[१३] केसीसँग २०६६ भदौ २७ मा गरिएको कुराकानी ।

[१४] पोखरेलसँग २०६६ भदौ २० मा गरिएको कुराकानीमा ।

यी विविध कारणले गर्दा तालिम कार्यक्रमहरूमा योग्यता नै नपुगेका प्रशिक्षकहरूको बिगबिगी छ ।

दक्ष प्रशिक्षक अभावको प्रत्यक्ष असर धेरै तालिम कार्यक्रमहरूबाट उत्पादित जनशक्तिमा परिरहेको छ । फलस्वरूप प्रशिक्षार्थीको हातमा तालिमका धेरै प्रमाणपत्र त हुन्छन् तर आवश्यक सीप प्राप्त गर्न नसक्दा मिडियाका क्षेत्रमा प्रवेश गर्ने आँट नै गर्न सक्दैनन् । जो पहिल्यै मिडियामा लागेर यस्ता तालिमका अवसर प्रशस्त पाइरहेका हुन्छन्, तिनको काममा पनि तालिमले प्रभाव पार्न सकिरहेको हुँदैन । यसका पछाडि तालिम दिने संस्थाको प्रकृति, प्रशिक्षार्थीको छनोट, अन्य भौतिक पूर्वाधार र पाठ्यक्रम आदिको पनि प्रभाव नहुने त होइन (जुन अन्य अध्यायमा चर्चा गरिएको छ), तर प्रमुख रूपमा चाहिं प्रशिक्षकको उपलब्धता नै हो । मिडियासम्बन्धी तालिमलाई प्रभावकारी बनाउनका लागि सर्वप्रथम दक्ष प्रशिक्षक पर्याप्त मात्रामा उपलब्ध हुनु जरुरी छ । प्रशिक्षक प्रशिक्षण तालिम पर्याप्त मात्रामा सञ्चालन गरिनु पर्दछ । तालिम प्राप्त प्रशिक्षकले एकचोटि तालिम लिएर पनि पुग्दैन, बेलाबेलामा तिनलाई थप तालिम चाहिन्छ । नयाँ विषयसँग साक्षात्कार हुन र खास विषयसँग अद्यावधिक हुन अन्य माध्यमबाट पनि सकिन्छ । जस्तो सम्बन्धित विषयका पुस्तक सामग्रीहरूको अध्ययन, समकक्षीसँगको अन्तर्क्रिया आदि । यस्तो अवसर काठमाडौंमा बढी होला तर इन्टरनेटको उपयोग त जहाँ बसेर पनि गर्न सकिन्छ । त्यसमार्फत पनि आफ्नो ज्ञानको दायरा फराकिलो बनाउन सकिन्छ । त्यतातिर पनि पर्याप्त ध्यान पुग्न सकोस् ।